# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३२१ | काठमाडौं | बुधबार, ८ चैत २०७९ | Prabhab National Daily | Wednesday, March 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## 'विभेदको प्रकृति फेरियो, अझै बढी पीडा हुन्छ'

**बलेवा–** नेपालमा दलित आन्दोलनको उद्गमस्थल हो बागलुङ । दलित आन्दोलनका पिता मानिने भगत सर्वजित विश्वकर्माले वि.सं. १९९७ मा 'विश्व सर्वजन संघ' स्थापना गरेर जातीय विभेदविरुद्ध बिगुल फुक्न सुरु गरेका थिए । बागलुङमा अभियानको ८२ वर्ष पूरा भएको छ । भगत सर्वजितपछिका कयौं अभियन्ता आन्दोलनकै दौरानमा अस्ताए तर जातीय विभेद भने अझै अस्ताएको छैन ।

**नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरिएको १६ वर्षभन्दा बढी भएको छ तर, पनि जातीय भेदभाव तथा छुवाछुतका कारण हुने अमानवीय व्यवहार अहिले पनि रोकिएको छैन ।**

नेपालको संविधान २०७२ ले छुवाछूत तथा जातीय विभेदलाई दण्डनीय कार्य भनेको छ । सोहीअनुसार बनेका कानुनले दण्ड र जरिवानाको व्यवस्था त गरे तर कार्यान्वयन भने फितलो छ । 'भगत सर्वजितले अभियानको थालनी गर्ने बेलाको जस्तो अहिले विभेद छैन, विभेदको प्रकृति फेरिएर गहिरो जरा गाडेको छ,' पत्रकार महासंघ बागलुङका कार्यवाहक अध्यक्ष नवीन शिशिर विक भन्छन्, 'हिजो खुल्ला विभेद गरिन्थ्यो, अहिलेको विभेदले समाजमा थप अपमानित महसुस गराउँछ ।'

आठ दशकको अवधिमा यति धेरै राजनीतिक उपलब्धि हुँदा पनि दलित समुदायप्रतिको विभेदको अवस्था उस्तै रहनु दुःखद् भएको उनले बताए । 'रक्सीले मातेको ब्राह्मणको छोरा लडेको देखे 'कामीले जस्तो रक्सी खाएर पल्टेछ' भन्छन्, 'हरिबहादुर परियारकी छोरी बाहुनकी छोरीजस्तै छ' भनेर अवहेलना गरिन्छ,' विक भन्छन्, 'हिजोजस्तो सुनपानी छर्किंदैन, खाएको भाँडा माझ्न लगाइँदैन तर दलित र गैरदलितलाई दाँजेर गरिने व्यवहारले थप पीडा दिने गरेको छ ।'

देशलाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरिएको १६ वर्षभन्दा बढी भएको छ तर, पनि जातीय भेदभाव तथा छुवाछुतका कारण हुने अमानवीय व्यवहार अहिले पनि रोकिएको छैन । 'अहिले पनि सिधै वा घुमाउरो पाराले विभेद हुन्छ, घर, समाज र राज्यका निकायमा हामीमाथि विभेद छ,' दलित अभियन्ता भक्तबहादुर विकले भने, 'व्यवस्था परिवर्तनले मात्रै पुगेन, व्यवहार परिवर्तन हुनुपर्‍यो ।'

संयुक्त राजनीतिक दलित संघर्ष समिति बागलुङले ५८औं अन्तर्राष्ट्रिय रंगभेद तथा जातिभेदविरुद्धको दिवसमा आयोजना गरेको 'बदलिएको जातीय विभेदको स्वरूप' विषयक अन्तर्क्रियामा बोल्ने वक्ताले जातीय विभेद गर्नेलाई सरकारी सेवा सुविधाबाट वञ्चित गर्न माग गरेका थिए । जातीय छुवाछूत अन्त्य गर्न कानुनको प्रभावकारी कार्यान्वयन र दलित समुदायको सशक्तीकरण गर्नुपर्ने सरोकारवालाले जोड दिए ।

सांस्कृतिक तथा सामाजिक रूपान्तरणका लागि राज्य निर्मम भएर प्रस्तुत हुनुपर्ने दलित अधिकारकर्मीको (**बाँकी पृष्ठ २ मा**)

# आक्रमणको निशानामा भिआइपी

- मुख्यमन्त्री हिक्मतकुमार कार्कीपछि माओवादी नेता इन्द्रबहादुर आङ्बोमाथि आक्रमण प्रयास
- माओवादी मन्त्री दुर्गाप्रसाद चापागाईंलाई पनि धम्की
- प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षा जोखिम बढेको प्रहरीको विश्लेषण

■ **जेबी योञ्जन**





**सोमबार ओखलढुंगामा मुख्यमन्त्री हिक्मतकुमार कार्कीको गाडी तोडफोड गर्ने प्रयासमा आन्दोलनकारी (बायाँ), मंगलबार काठमाडौंको नयाँबानेश्वरमा प्रधानमन्त्री पुष्पकमल दाहालविरुद्ध नारावाजी गर्दै र कोशी प्रदेशका सांसद इन्द्रबहादुर आङ्बोमाथि गरिएको आक्रमण प्रयास ।** *तस्बिरहरू: सामाजिक सञ्जाल*

**काठमाडौं–** मुलुकको पूर्वी क्षेत्रको प्रदेश (प्रदेश १)को नाम 'कोशी' राख्न मतदान गर्नेहरूलाई पहिचानवादी पक्षले भौतिक आक्रमणको निशानामा पार्न थालेका छन् । सोमबार मुख्यमन्त्री हिक्मतकुमार कार्की सवार गाडीमा तोडफोड गर्दै आक्रमण प्रयास गरेको भोलिपल्टै प्रदेशका नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो सवार गाडीलाई पहिचानवादीहरूले आक्रमणको निशाना साँधे । उनलाई पहिचानवादीहरूले 'गद्दार' घोषणा गरिसकेका छन् ।

उनै आङ्बो मंगलबार ताप्लेजुङको सदरमुकाम फुंलिङ पुग्दा आक्रमणको प्रयास भएको हो । सो क्रममा उनी सवार गाडीमा सामान्य क्षति पुगेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी नायव उपरीक्षक (डिएसपी) राजन लिम्बूले बताए ।

'फुंलिङ बजारभन्दा सात-आठ किलोमिटर तल गाडीमाथि ढुंगा प्रहार भयो । आक्रमण गर्नेको पहिचान हुन बाँकी छ । हामी अनुसन्धानमै छौं,' डिएसपी लिम्बूले प्रभावसँग भने ।

चार मंसिरमा निर्वाचन हुनुअघि नेता आङ्बोले 'किरात'बाहेकका प्रदेशमा मत नदिने, बरु औंला काट्ने वाचा किरात धर्मगुरु आत्म लिङ्देनलाई साक्षी राखेर भनेका थिए । त्यसबेला उनी 'कोशी' प्रदेश नाम राख्न नहुने पक्षमा उभिए ।

तर, १७ फागुनमा भने उनै आङ्बोले नाममा बाधक नबन्ने भन्दै 'कोशी' नामको पक्षमा मतदान नै गरे । धर्मगुरुसामु गरेको वाचाको विरुद्धमा उभिए । उनले २५ फागुनमा राष्ट्रपति निर्वाचनमा मतदानका लागि आउँदा प्रभावसँग भनेका थिए, 'मैले औंला काट्नु त के हामीलाई निर्वाचनमा ढाड नै भाँचिदिए ।'

नेता आङ्बोमाथि आक्रमण प्रयास भएसँगै प्रहरीले सुरक्षा जोखिम बढेको देखिएको जनाएको छ । 'नामले गर्दा पहिचानवादीहरू अत्यन्तै असन्तुष्ट देखिए । ज-जसले कोशी नाममा मतदान गरे, उनीहरू पहिचानवादीहरूको निशानामा पर्दै जाने देखेको छु । सोमबार र मंगलबारको (**बाँकी पृष्ठ २ मा**)

## प्रधानमन्त्री दाहालविरुद्ध नारावाजी

**काठमाडौं (प्रस)–** प्रदेश नामलाई लिएर कोशीमा मुख्यमन्त्रीदेखि अन्य नेताहरूलाई पहिचानवादीहरूले आक्रमणको प्रयास गर्दा संघीय राजधानीमा प्रधानमन्त्री पुष्पकमल दाहालविरुद्ध नारावाजी भएको छ ।
तीन जना युवाले नयाँ बानेश्वरमा 'गरिबमारा प्रचण्ड मुर्दावाद,' 'मूल्यवृद्धि खारेज गर', 'नालायक सरकार होसियार', 'युवालाई मार्न पाइँदैन', 'यस्तो सरकार चाहिँदैन', '७७ जिल्लाका युवा एक हौं' भन्दै नारावाजी गरेका हुन् ।

उनीहरूले ५८औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन सार्वजनिक समारोहमा जाँदै गर्दा दाहालविरुद्ध नारावाजी गरेका थिए । नारावाजी गर्ने तीनै जना पक्राउ परेका छन् । त्यसपछिमात्रै दाहाल कार्यक्रममा गएका थिए । उनले कार्यक्रममा दलित समुदायका लागि सयौं वर्ष सम्झिन मिल्ने केही घोषणा गर्न लागिएको बताएका थिए ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# कतार विश्वकप सकियो, श्रम शोषणको मुद्दा जीवितै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कतारले भव्यतका साथ विश्वकप फुटबल प्रतियोगिता-२०२२ सम्पन्न गरे पनि श्रम शोषणको मुद्दालाई सुल्झाउन सकेको छैन । विश्वकप २०२२ सञ्चालनका लागि रंगशालालगायतका संरचना निर्माणमा कतारले आप्रवासी कामदारको चर्को श्रम शोषण गरेको भन्दै अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाहरूले उठाएको मुद्दालाई अझै सुल्झाउन सकेको छैन ।

यतिखेर कतारमा कार्यरत आप्रवासी श्रमिकहरूले विश्वकप फुटबल सकिएपछि पनि बिग्रँदो अवस्थाको सामना गर्नुपरिरहेको समाचारहरू सार्वजनिक भइरहेका छन् । अहिले अधिकारवादी संस्थाहरू मात्र नभई अन्तर्राष्ट्रिय ट्रेड युनियन महसंघहरूले समेत श्रम शोषणको अवस्था चित्रित गर्दै कतारले विभिन्न समयमा गरेको सुधारका वाचा बिर्सिएको भन्दै आप्रवासी श्रमिकमाथि भइरहेको शोषणको मुद्दा पुनः ब्युँताएका छन् । बिल्डिङ एण्ड उड वर्कर्स युनियन (बिडब्ल्युआई), युएनआई ग्लोबल युनियन (युनी), इण्डस्ट्रियलगायतका आठवटा ट्रेड युनियनहरूले कतारले श्रम शोषणको मुद्दामा यस अगाडि गरिएको सुधारको वाचा कार्यान्वयन नगरेको र आप्रवासी श्रमिकहरूले समस्या कायमै रहेको भन्दै कतार सरकारको ध्यानाकर्षण गराएको बेलायती सञ्चारमाध्यम गार्जियनले उल्लेख गरेको छ ।

**कतारमा विश्वकप सञ्चालन अघि, सञ्चालनको समय र पछि पनि आप्रवासी श्रमिकहरूको चर्को शोषण भइरहेको बताइएको छ । तर कतारले भने पछिल्लो दुई दशकमा श्रम क्षेत्र सुधार तथा आप्रवासी श्रमिकहरूका लागि महत्वपूर्ण कामहरु गरिएको भन्दै कानुनमा ल्याइएको परिवर्तन र त्यसलाई कडाइका साथ लागू गरिएको दाबी गर्दै आएको छ ।**

गार्जियनका अनुसार अन्तर्राष्ट्रिय अधिकारवादी संस्था र ट्रेड युनियनहरूले उठाएको मुद्दामा यसअघि श्रमिकमाथि भएको शोषणविरुद्ध कुनै दण्ड सजाय नभएपछि यसले शोषण गर्ने रोजगारदाताहरूलाई थप प्रोत्साहित गरेको छ । ट्रेड युनियनहरूले यसमा चिन्ता जनाउँदै शोषणमा परेका श्रमिक र उनीहरूका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आह्वान पुनः माग गरेका छन् ।

ट्रेड युनियनहरूले एक संयुक्त विज्ञप्तिसमेत जारी गर्दै कतारले श्रम क्षेत्र सुधारका लागि दिगोपनाको विषयमा ध्यानाकर्षण गराएका छन् । यसमा फिफाले पनि भूमिका खेल्नुपर्ने र विश्वकप तयारीका दौरान हुन नसकेका मानवअधिकारको रक्षा तथा आप्रवासी श्रमिकको मृत्युको छानबिनबारे छलफल गर्नुपर्ने बताएका छन् । उनीहरूले कतारमा घोषणा गरिएको सकारात्मक सुधार केवल राजनीतिक इच्छाशक्तिको अभावमा मात्र कार्यान्वयन हुन नसकेको नभई अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को आधारभूत सिद्धान्त तथा कार्यस्थलमा अधिकार कार्यान्वयन गर्न भूमिका नखेल्नु पनि कारण रहेको उल्लेख गरेका छन् ।

कतारमा विश्वकप सञ्चालन अघि, सञ्चालनको समय र पछि पनि आप्रवासी श्रमिकहरूको चर्को शोषण भइरहेको बताइएको छ । तर, कतारले भने पछिल्लो दुई दशकमा श्रम क्षेत्र सुधार तथा आप्रवासी श्रमिकहरूका लागि महत्त्वपूर्ण कामहरू गरिएको भन्दै कानुनमा ल्याइएको परिवर्तन र त्यसलाई कडाइका साथ लागू गरिएको दाबी गर्दै आएको छ ।

## युएईस्थित नेपाली दूतावासको कार्यसम्पादन

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले फागुन महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले उक्त महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्ये एक युएईमा रहेको नेपाली दूतावासले आफूले गरेका प्रमुख कार्य सम्पदानहरूको विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आएको छ । दूतावासले उक्त महिना एक हजार ७७२ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरिएको छ । त्यस्तै दुई हजार २०४ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको विवरणमा जनाइएको छ ।

त्यस्तै ५९ जनालाई भिसा प्रदान गरिएको छ । यसअघि माघ महिनामा २४६ जनालाई भिसा प्रदान गरिएको दूतावासले जनाएको छ । यसैगरी १३७ जनाको ट्राभल डकुमेन्ट बनाइएको छ भने १६४ जनाको कागजात प्रामाणीकरण गरिएको छ । साथै, २९९ वटा व्यक्तिगत भिसा प्रमाणीकरण भएको छ । यस्तै संस्थागतरूपमा आएका ९० वटा मागपत्र प्रमाणीकरण भएको, ८१ वटा समूहगत भिसा प्रमाणीकरण भएको दूतावासले कार्यसम्पादन विवरणमा जनाएको छ ।

फागुन महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको आठ वटा शव व्यवस्थापन भएको उल्लेख गरिएको छ । यस्तै विभिन्न माध्यमबाट आएका ३५५ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गरिएको दूतावासले जनाएको छ । गत माघ महिनामा कामदारहरूलाई क्षतिपूर्ति र इन्स्योरेन्सबापत कुनै खर्च उपलब्ध गराउनु नपरेको दूतावासले फागुनमा छ लाख ३४ हजार ९९० एइडी अर्थात् झण्डै दुई करोड २५ लाख रूपैयाँ खर्च भएको विवरणमा समेटेको छ ।




# गहना खोज्ने जात्राका लागि निमन्त्रणा

**काठमाडौं (प्रस)**– हाँडीगाउँस्थित गहनापोखरीमा गहना खोज्न गरिने जात्राका लागि बूढानीलकण्ठबाट शंखमूलसम्मका स्थानीयलाई निमन्त्रणा गरिएको छ ।

काठमाडौं उपत्यकाका अन्य स्थानमा पाहाँचह्रेका साथै घोडेजात्रा पर्व मनाए पनि हाँडीगाउँ क्षेत्रमा भने यो पर्व मनाइँदैन । हाँडीगाउँमा भने लुकुमाद्यःका रूपमा लुकाएर राखिएको देवतालाई निकालेर मंगलबार पूजा आराधना गरिने परम्परा रहेको काठमाडौं महानगरपालिका–५ का अध्यक्ष बीरेन्द्र प्रजापतीले जानकारी दिए ।

मंगलबारको एक हप्तामा हाँडीगाउँमा लिंगो उठाइन्छ । लिंगो उठाएको एक हप्तापछि गहनापोखरीमा गहना खोज्ने जात्रा गर्ने गरी सबै तयारी गरिएको जानकारी पनि उनले दिए ।

जात्राका लागि पुजारी समूह, बाजा बजाउने समूहलगायतले भूमिका निर्वाह गर्ने छन् । डंगोल, प्रजापतिलगायत जातिको पनि जात्रामा फरक–फरक भूमिका हुने गरेको छ । जात्राका लागि बाजा, बत्तीलगायत व्यवस्थित गरिने वडा सदस्य विजयप्रकाश कर्माचार्यले जानकारी दिए । जात्राका नाममा रहेको गुठी जग्गा बेचिएपछि जात्राका लागि महानगरपालिकाले पनि सहयोग गर्ने गरेको छ । गुठी संस्थानबाट पूजा सामग्री र बलि सामग्रीको व्यवस्था हुने गरेको वडा कार्यालयले जनाएको छ । हाँडीगाउँ काठमाडौं उपत्यकाकै पुरानो सहर भएकाले पर्यटकीयरूपमा यसको विकास गरिने भएको छ ।

महानगरपालिकाको ११औं नगर परिषद् बैठकले हाँडीगाउँलाई पूर्वलिच्छविकालीन सहरकै स्वरूपमा विकास गर्न विभिन्न गतिविधि गर्ने निर्णय गरेको पनि वडाध्यक्ष प्रजापतीले बताए । महानगरपालिकाले हाँडीगाउँका विषयमा छुट्टै कार्यविधि बनाउन लागेको जनाइएको छ ।

## विभेदको प्रकृति...

पृष्ठ १ बाट जारी

जोड थियो । आन्दोलनले संवैधानिक अधिकार प्राप्त गरे पनि कानुन कार्यान्वयन प्रभावकारी नहुँदा परिवर्तनको अनुभूत गर्न नपाएको भगत सर्वजित विश्वकर्मा प्रतिष्ठानका सचिव मनकाजी विकले बताए ।

विगतको समाजमा गर्ने जातीय विभेद र वर्तमान समाजले गर्ने जातीय विभेदको स्वरूप परिवर्तन भएको संयुक्त राजनीतिक दलित संघर्ष समितिका अध्यक्ष टीकाकुमार विकले बताए । अन्तरजातीय विवाह गरेको, अन्तरजातीय प्रेम सम्बन्धमा रहेकै कारण दलित समुदायका व्यक्तिले बालविवाह र बलात्कार, शरीर बन्धकको मुद्दा खेप्न बाध्य भएको विकले घटना उल्लेख गरे ।

जातीय विभेदको मानसिकताबाट प्रेरित भएर कानुनका छिद्र खोज्दै दलित समुदायमाथि न्यायिक हमलाको घटना बढ्दै जानु सामाजिक एकता, सद्भाव र शान्ति सुरक्षाका लागि खतरा भएको अधिकारकर्मी लक्ष्मण श्रीको भनाइ थियो ।

जातीय विभेद दलित समुदायको एकल समस्या नभएको हुँदा यसलाई अन्त्य गर्न सबै समुदाय र राज्य संगठित भएर एक साथ लाग्नुपर्ने बागलुङ नगरपालिकाका नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बताए । जातीय छुवाछूत मानवअधिकार र मानव सभ्यताको कलंक भएको हुँदा कानुन कार्यान्वयनमा शून्य सहनशीलता अपनाउने प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले बताइन् । राज्यले दलित समुदायको सशक्तीकरणसँगै विभेद अन्त्यका लागि निर्माण भएका कानुन प्रभावकारी कार्यान्वयन भए विभेद न्यूनीकरण हुने गण्डकी प्रदेशसभा सदस्य गोविन्दबहादुर नेपालीले बताए ।

जातीय छुवाछूत तथा विभेद गर्नेलाई राज्यबाट पाउने सेवा, सुविधा, छुट सहुलियत, मान, सम्मान, सामाजिक सुरक्षासँग यस विषयलाई जोड्नुपर्ने प्रदेशसभा सदस्य दिलमाया पौवीको भनाइ छ । मानवअधिकार विरोधी अपराधमा संलग्न हुने, अपराध गर्न सघाउने र न्यायमा पहुँचमा अवरोध सिर्जना गर्ने व्यक्ति राज्यबाट प्रदान गरिने सेवासुविधाका लागि अयोग्य मानिने व्यवस्था गर्नुपर्ने उनको भनाइ थियो । *रासस*

## आक्रमणको...

पृष्ठ १ बाट जारी

घटनाले त्यही भन्छ,' एक जना सुरक्षा अधिकारीले भने ।

आक्रमण प्रयासपछि आङ्बोले भने आफूविरुद्ध पहिचानवादीहरूले धेरै अपेक्षा, विश्वास र भरोसा गरेको तर अपेक्षित परिणाम नआएपछि आक्रोश, घृणा र आवेग उत्पन्न भएको भन्दै त्यसलाई स्वाभाविक मान्ने बताएका छन् । उनले विरोध र असहमतिप्रति आफ्नो सम्मान हुने पनि बताए । उनले सामाजिक सञ्जाल फेसबुकमा आक्रमण प्रयासको केही घण्टामै लेखेका छन्, 'जोसँग सबैभन्दा बढी अपेक्षा, विश्वास र भरोसा हुन्छ अपेक्षित परिणाम हासिल नहुँदा उसैप्रति आक्रोश, घृणा, आवेग व्यक्त हुनुलाई मैले स्वाभाविकरूपमा लिएको छु । हामीले ल्याएको यो लोकतान्त्रिक व्यवस्थामा शान्तिपूर्णरूपमा गरिने विरोध, असहमतिप्रति मेरो सधैँ सम्मान रहनेछ ।'

सोमबार मुख्यमन्त्री कार्की पहिचानवादीहरूको आक्रमणको निशानामा परेका थिए । ओखलढुंगा जाँदा पहिचानवादीहरूले उनी सवार गाडी तोडफोडको प्रयास गरेका थिए । सो क्रममा प्रहरीले केहीलाई नियन्त्रणमा लिएको थियो । सुरक्षा जोखिम बढेपछि उनी ओखलढुंगाको कार्यक्रम छोटयाएर प्रदेश राजधानी विराटनगर फर्किएका थिए ।

यसअघि धनकुटाका एमाले सांसद निरन राईलाई राई जातिको सामाजिक संस्था किरात राई यायोख्खाले 'वंश गद्दार' घोषणा गरिसकेको छ । निरन ती नेता हुन्, जसले १७ फागुनमा रामबहादुर राना प्रस्तावक रहेको 'कोशी' प्रदेश नामाकरणसम्बन्धी प्रस्तावमा समर्थक थिए । जुन नामलाई पहिचानवादीहरूको अस्वीकार छ । प्रदेशको नाम 'कोशी' खारेज गर्न माग छ । फेरि, नामांकन गर्नुपर्नेमा पहिचानवादीहरूको जोड छ । उनीहरूका अनुसार प्रदेशको नाम ऐतिहासिक पृष्ठभूमिका आधारमा राखिनुपर्छ । तर, लिम्बूवान–किरात नाम राख्न मुख्यमन्त्री कार्कीसँगै प्रदेश संसद्को दुई तिहाइभन्दा बढी सांसदहरू तयार छैनन् ।

कार्कीले आइतबार मात्रै खारेज गर्न नसकिने बताएका थिए । त्यसपछि पहिचानवादीहरू झनै आक्रोशित भए । उनीविरुद्ध सामाजिक सञ्जालमा पहिचानवादीहरूले सुरक्षा जोखिम बढ्नेगरी चेतावनी दिएका छन् । यससँगै कोशी प्रदेश प्रहरी कार्यालयले मुख्यमन्त्री कार्कीसँगै कोशी नाममा मतदान गर्ने सांसदहरूको सुरक्षामा थप ध्यान दिएको जनाएको छ ।

माओवादीकै प्रदेशमन्त्री दुर्गाप्रसाद चापागाईंलाई पनि पहिचानवादीहरूले निशानामा पार्ने चेतावनी दिएका छन् । १७ फागुनमा प्रदेश नाम कोशीमा मतदान गरेपछि पहिचानवादीहरू आक्रामक भएका छन् । उनीहरूले आइतबार प्रदेश राजधानी विराटनर र संघीय राजधानी काठमाडौंमा एकैसाथ प्रदेशको नाम कोशी खारेजीको माग गर्दै प्रदर्शन गरेका थिए ।

कोशी नाम राख्न एमालेका ४० जना, कांग्रेसका २९ जना, माओवादीका १३ जनासँगै राप्रपाका छ जना सांसदले मतदान गरेका थिए । प्रदेश संसद्मा नामसम्बन्धी प्रस्ताव पारित गर्न ९३ जना सांसदको दुईतिहाइ पुग्न कम्तीमा ६२ जना सांसद आवश्यक पर्थ्यो । तर, यी चार दलको ८७ जना सांसदले मतदान गरेका थिए । जतिबेला मोरङ जिल्ला प्रशासनले निषेधाज्ञा जारी गरेको थियो । पहिचानवादीहरूले प्रदर्शन पनि गरे । यद्यपि, प्रदेश संसद्को आवश्यकताभन्दा बढी अधिक सांसदले प्रस्तावमा मतदान गर्दै नामसम्बन्धी प्रस्ताव पारित गरेका हुन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/१२ मा दर्ता भएको **लक्की वासिङ्ग सेन्टर प्रा.लि.** (प्रा.लि.नं. २१३७९३) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त
**एशियन क्यापिटल लि.**
पुतलीसडक, काठमाण्डौ, नेपाल

**हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना**

यस एशियन क्यापिटल लि. को मिति २०७९/११/६ को विशेष साधारणसभाको निर्णय अनुसार साविक शेयरधनीहरुका लागि १० शेयर बराबर ११ शेयर (१:१.१०) को अनुपातको प्रति शेयर रु १००/ अंकित दरका हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला यही मिति २०७९/१२/०८ देखि २०८०/१/१२ सम्म भईरहेको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य जानकारीका लागि कम्पनीमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

आज्ञाले
कम्पनी सचिव

**कम्पनीको नाम परिवर्तन उद्देश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

तेस्रोपटक प्रकाशित मिति : २०७९/१२/०८

यस कम्पनीको मिति २०७९/११/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **ड्रागन हस्पिट्यालिटी एण्ड क्याटरिङ्ग सर्भिस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **ड्रागन हस्पिट्यालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ड्रागन हस्पिट्यालिटी एण्ड म्यानेजमेन्ट सर्भिस प्रा.लि.(प्रा.लि.नं.२९७२६३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ST POLYFOAM INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२४ | पुन: स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 269061 | चलानी नं.६०१८४९७४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIM YANG HOK INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०३/१४ | पुन: स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 266059 | चलानी नं.६०१८२०१३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः चैत्र १५ गते (29th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

**मोटरसाइकल हराएको सूचना**

**श्री कुमार गुरुङ**को नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।१२।०१ गते च.न.पा.-१५ स्थित रहेको घरको पार्किङ गरी राखेको ठाउँबाट राती १ :०० वजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार — Pulsar 150 CC
मो.सा. नम्बर : Bagmati Province 02-030 Pa 6584
चेसिस नं. MD2A11CX2MPE95506
इन्जिन नं. DHXRME61973
रङ — BLACK
सम्पर्क — 9865446313

**कम्पनीको नाम परिवर्तन उद्देश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

तेस्रोपटक प्रकाशित मिति : २०७९/१२/०८

यस कम्पनीको मिति २०७९/१०/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **Dailo Trading & Investment Pvt. Ltd** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **Dailo Impact Ventures Pvt. Ltd** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **Dailo Impact Ventures Pvt. Ltd** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/०८

यस मदन सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान ६८ को १२४.२८ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सूचना पाटीमा टांस गरिएको छ ।

श्री मदन सामुदायिक वन उपभोक्ता समूह
बारबर्दिया नगरपालिका–३ बर्दिया

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HIGH PERFORMANCE COATING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/०७ | LT. No. 283095 | चलानी नं.६०१९८४९५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १५ गते (29th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SR GROUP NEPAL PVT.LTD**
श्रम ईजाजत नं. १२५९/०७४/०७५
Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal
Tel. No. +977-1-4480472/4495335, Fax: +977-1-4489971 P.O. Box: 21269

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LB ALUMINIUM BERHAD

पूर्व स्वीकृति मिति २०७९/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 270241 | चलानी नं. ६०१८६०४१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 100 | 0 | 1500 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १५ गते (29th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

Invitation for Bids

**Shuklaphanta Municipality**
**Office of Municipal Executive**
Jhalaari ,Kanchanpur

**INVITATION FOR BIDS FOR THE CONSTRUCTION WORKS**

**Date of publication: 2023-03-22 (2079-12-08)**

1. Suklaphanta Municipality invites electronic ore-bids from eligible bidders for the following Works under National Competitive Bidding Procedures.

| Contract ID | Description | Estimated Amount (Without VAT & Contingency Including PS ) NRs | Bid Documet Fee NRs | Bid Bond Security NRs | Bid Bond Securiy Validity | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| SMP/ 079-80/ NCB/ CW/23 | Gaushala Purbadhar sudhrikaran tatha samudayik Pashu Byabasthapan Karya | 2,148,578.96 | 3,000.00 | 62000 | 120days | 2080/01/08 (2023-April-21) 12:00 PM | 2080/01/08 (2023-April- 21) 2:00 PM |

2. The bids must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website:www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents fromwww.bolpatra.gov.np/egpBidders, submitting their bid electronically, should deposit thecost of bidding document as stated above in the following account.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Everest bank ltd, jhalaari branch, jhalari, kanchanpur
   Name of Office: Shuklaphanta Municipality, Jhalari ,Kanchanpur
   Office Account No.: 05910106200002 (AntarikKhata)
4. Bid security amount should be deposited at :
   Name of the Bank: Everest bank ltd, jhalaari, kanchanpur
   Name of Office: Shuklaphanta Municipality, Jhalari ,Kanchanpur
   Office Account No.: 05910106200016 (DharautiKhata)
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the nextworking day shall be considered as the last date. In such case the validity period of the bidsecurity shall remain the same as specified for the original last date of bid submission.
6. All the information related to tender are according to bid document and conditions uploaded in ppmo online bid portal site bolpatra.gov.np of Shuklaphanta Municipality.

अयोग्य लडाकूलाई राहत

# बुधबारदेखि प्रारम्भिक प्रक्रिया सुरु हुने

**काठमाडौं (प्रस)–** मन्त्रिपरिषद्को सोमबारको निर्णयअनुसार प्रमाणीकरण भएका अयोग्य लडाकूलाई दुई लाख रूपैयाँ राहत दिन सरकारले बुधबारदेखि आवश्यक प्रक्रिया अघि बढाउने भएको छ ।

मन्त्रिपरिषद् बैठकले 'प्रमाणीकरण भएका द्वन्द्वकालका अयोग्य लडाकूलाई कार्यविधि बनाई राहत उपलब्ध गराउने' निर्णय गरेको थियो । 'बुधबारदेखि कार्यविधि बनाउने प्रक्रिया मन्त्रालयले थाल्छ, त्यसका आधारमा आवश्यक पहिचान गरी वितरण कार्य सुरु हुन्छ,' गृहसचिव विनोदप्रकाश सिंहले भने, 'सकेसम्म चालु आर्थिक वर्षदेखि नै वितरण गरिनेछ ।' वितरणको काम चरणबद्धरूपमा गरिने उनले जानकारी दिए ।

राहत रकम वितरणको काम जिल्ला प्रशासन कार्यालयमार्फत हुने सचिव सिंहले जानकारी दिए । उनका अनुसार संयुक्त राष्ट्रसंघीय मिसन नेपाल (अनमिन) को प्रमाणीकरणमा चार हजार आठ अयोग्य लडाकू रहेका छन् । यसअघि २०७३ सालमा उनीहरूलाई दुई लाख रूपैयाँ राहत दिने भनिए पनि अन्ततः रोकिएको थियो ।

तत्कालीन शान्ति प्रक्रियाका समयमा माओवादी लडाकू शिविरमा १९ हजार लडाकू रहेका थिए त्यसमध्ये अनमिनको प्रमाणीकरणमा अयोग्य ठहऱ्याइएका चार हजार आठ लडाकू बाहिरिएका थिए । एक हजार ४०० जति लडाकू नेपाली सेनामा समायोजन भए भने बाँकी स्वेच्छिक अवकाशमा गएका थिए ।

# 'हिंसा नियन्त्रण गर्न विद्युतीय साक्षरता जरुरी'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र अनलाइनबाट हिंसा वृद्धि हुँदै गएको भए पनि हिंसा न्यूनीकरणका लागि विद्युतीय साक्षरता र पर्याप्त कानुनको अभाव देखिएको छ ।

नेपालस्थित संयुक्त राष्ट्रसंघको आवासीय संयोकजकको कार्यालयले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) नेपालसँग मिलेर मंगलबार आयोजना गरेको 'नेपालमा डिजिटल हिंसा, घृणायुक्त भाषण : न्यूनीकरणका प्रयास' विषयक गोष्ठीमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले विद्युतीय साक्षरताको अभावमा ठगी, चोरी र हिंसाका घटना बढेको बताए ।

'विद्युतीय साक्षरताको अभावमा सामाजिक सञ्जालमा विभिन्न खालका द्वेषपूर्ण अभिव्यक्ति आउने गरेको छ,' उनले भने, 'सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यस्ता खालका सबै गतिविधि नियमन गर्नका लागि सञ्चार विधेयक ल्याउने अन्तिम तयारी गरेको छ ।'

निर्वाचन आयोगकी आयुक्त डा. जानकी तुलाधरले द्वेषपूर्ण अभिव्यक्ति र क्रियाकलाप रोक्नका लागि सरकारले स्पष्ट नीति ल्याउनुपर्ने बताइन् । उनले स्थानीय तह निर्वाचन र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा आयोगले द्वेषपूर्ण अभिव्यक्ति न्यूनीकरण गर्न सफल भएको सुनाइन् ।

नेपाल प्रहरी साइबर ब्युरोका प्रवक्ता पशुपतिकुमार रायले विद्युतीय माध्यमबाट धेरै प्रकारका हिंसा हुने गरेको तर पर्याप्त कानुन नहुँदा पीडितले न्याय पाउन कठिनाइ भएको बताए ।

अधिवक्ता आशांकन मल्लले नेपालमा साक्षरता दरभन्दा बढीले सामाजिक सञ्जालको प्रयोग गर्दा धेरै हिंसा हुने गरेको र जिल्ला अदालतमा काठमाडौंमा मात्र मुद्दा चलाउन मिल्ने कानुनी व्यवस्था भएकाले कठिनाइ भएको बताए ।

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकअनुसार नेपालमा केवलबाट इन्टरनेट चलाउनेको संख्या एक करोड तीन लाख ३९ हजार २२९ रहेको छ । मोबाइल प्रयोगकर्तामध्ये ९४.२५ प्रतिशतले मोबाइलबाट इन्टरनेट चलाउँछन् तर राष्ट्रिय जनगणना २०६८ को तथ्यांकअनुसार नेपालमा साक्षरता दर ६५.९ प्रतिशतमात्र रहेको छ । यसले गर्दा आमनागरिकले सही र गलत सूचना छुट्ट्याउन सकेका छैनन् । त्यसअनुसार विद्युतीय साक्षरता कार्यक्रम पनि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय मकवानपुर

**हेटौडा, मकवानपुर**

### बोलपत्र/सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९/१२/०८

यस डिभिजन वन कार्यालय मकवानपुरको मिति २०७९/०९/११ र २०७९/११/०८ गते राष्ट्रिय दैनिक पत्रिका (आर्थिक दैनिक र हिमालयन टाइम्स) मा तपसिलको क्रमश : NCB र SQ ठेक्का कार्य संचालनार्थ e- Gp मार्फत वोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा नियमानुसार पेश भएका वोलपत्र/सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिलमा उल्लेखित न्युनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिश भै आए बमोजिम यस कार्यालयको मिति २०७८/१२/०७ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो (७) दिने सूचना प्रकाशित गरिएको छ |

**तपसिल**

| सि. नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्र/सिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of Phaparbari Subdivision Forest Office Building at Phaparbari, Makawanpur | MoFE/ DFOMAK/NCB/ WORKS/2079-80/03 | Susan Construction, NIbuwatar-1, Makawnapur | 1,86,87,532.45 |
| २ | Construction of Raigaun Subdivision Forest Office Building at Raigaun, Makawanpur | MoFE/ DFOMAK/NCB/ WORKS/2079-80/04 | Susan-Niharika JV, Harnamadi-6, Makawnapur | 2,08,79,812.90 |
| ३ | Construction of First Floor of Sub Division Forest Office Harnamadi, Makawanpur | MOFE/DFOMAK/SQ/ WORKS/2079-80/01 | Aryan Nirman Sewa, Bhaise-2, Makawanpur | 17,09,124.00 |
| ४ | Construction of First flFloor of Sub Division Forest Office Bakiya at Hattisude, Makawanpur | MOFE/DFOMAK/SQ/ WORKS/2079-80/02 | New Bhutandevi Construction, hetauda-10, Makawanpur | 17,11,501.90 |
| ५ | Construction of Log yard at Sisaughari, Hetauda | MOFE/DFOMAK/SQ/ WORKS/2079-80/03 | Jay Shambhu Bholenath Construction, Hetauda-2, Makawanpur | 17,26,426.90 |


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३१७ चैत ४ गते २०७९ मा प्रकाशित MASS HUMAN RESOURCE PVT. LTD.को Lot No. 282378 को विज्ञापनमा कम्पनीको नाम SONFAUT PRECISION INDUSTRIES BHD हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

Mass Human Resource Pvt. Ltd. Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765


### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति :२०७९/१२/०८**

यस श्रृजनशिल सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको बिभिन्न ग्रेडको गोलिया थान ४६ को ५८१.३९ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री श्रृजनशिल सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका–५ बर्दिया**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUDA PACKAGING INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 279084 | चलानी नं. ६०१९४८११

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १५ गते (29th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति:२०७९/११/२९ | LT. No.282543 | चलानी नं. ६०१९८४९२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १५ गते (29th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ABDULLAH AL-ROUDHAN & PARTNERS CO. LTD

पूर्व स्वीकृति मिति २०७९/११/२८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 282488 | चलानी नं.६०१९७९७५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1900 | ६६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १४ गते (28th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
श्रम इजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np


## देवचुली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**प्रगतिनगर नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश , नेपाल**

### देबचुली नगरपालिकाको औषधि खरिद सम्बन्धि विधुतीय शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/१२/०८**

यस देबचुली नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरू, आधारभूत स्वास्थ्य सेवाकेन्द्रहरूको लागि आबश्यक पर्ने औषधि खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरूको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक औषधि कम्पनी,बिक्रेता तथा सप्लायर्सहरूबाट यो सूचना प्रकाशित मितिले १५ औ दिन (मिति २०७९/१२/२२) सम्म विधुतीय शिलबन्दी दरभाउ पत्र फारम खरिद गरि PPMO को वेबसाइट www.bolpatra.gov.np/egp. बाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. विधुतीय शिलबन्दी दरभाउ पत्र खरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरू अनिबार्य रूपले समाबेश गरि PPMO को वेबसाइट www. bolpatra.gov.np/egp. मा अपलोड गर्नुपर्ने छ (क) औषधि व्यवस्था विभागबाट प्राप्त ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.कर मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (ग) आ.ब. २०७८/०७९ सम्म कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (घ) फर्म वा ब्यबसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ङ) स्व घोषणा पत्र (छ) यस कार्यालयको राजश्व खाता नं. ०७७२०५००२९१६५००२ मा रु १०००/- तिरेको ( फिर्ता नहुने गरि ) बैंक भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नुपर्नेछ ।
२. रितपुर्बक खरिद भएका विधुतिय शिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन मिति (मिति २०७९/१२/२३) १२ बजेसम्म दर्ता गरि सक्नुपर्नेछ, सो शिलबन्दी बोलपत्र मिति २०७९/१२/२३ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने छ, शिलबन्दीदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।
३. रित नपुगेको शिलबन्दी दरभाउ पत्र उपर कुनै कारबाही गरिने छैन ।
४. विधुतीय शिलबन्दी दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनिक बिदा परेमा उक्त कार्यको भोलिपल्ट सोहि समयमा तोकिए अनुसारको कार्य हुनेछ ।
५. विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले देबचुली नगरपालिकाको कार्यालयको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा धरौटी रकम रु ६००००/-(साठी हजार रूपैया मात्र) जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।
६. विधुतीय शिलबन्दी दरभाउ पत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिबार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ ।
७. पेश भएका विधुतिय शिलबन्दी दरभाउ पत्र आंशिक,आइटमवाईज वा पूर्ण रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. खरिद गरिने औषधिको प्रयोग गर्ने अबधि यस कार्यालयको स्टोरमा दाखिला हुँदाका बखत कम्तिमा १८ महिना बाकि रहेको हुनुपर्नेछ, १८ महिना एस्कपाइर (expire) म्याद हुनेको हकमा कम्तिमा ७५% बाकि रहेको हुनुपर्नेछ ।
९. विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले आफुले दिन चाहेको औषधिको उत्पादक कम्पनि र उत्पादन भएको मुलुकको नाम प्रस्ट संग उल्लेख गर्नुपर्नेछ
१०. विधुतीय शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको ५% ले हुन आउने रकम यस कार्यालय देबचुली नगरपालिकाको NIC ASIA BANK दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का सर्त रहेको कुनैमान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।
११. विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनुपर्नेछ र ढुवानी तथा अन्य करहरू दरभाउ पत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ ।
१२. विधुतीय शिलबन्दी दरभाउ पत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आबश्यकतानुसार थपघट गर्न सक्नेछ,थपघट भएता पनि विधुतीय शिलबन्दी दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिबर्तन गर्न पाउने छैन ।
१३. आफुले सप्लाई गर्ने प्रत्यक औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ औषधिको प्याकिंग (स्ट्रिप,बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति,एस्कपाइरि मिति,ब्याच नं.,उत्पादक कम्पनीको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि वा यो औषधि बिक्रिका लागि होइन भनि प्याकिंगमा स्पष्टसंग उल्लेख भएको हुनुपर्नेछ सो नलेखिएका औषधिहरू कार्यालयले लिने छैन ।
१४. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरू प्लास्टिक बोतलमा प्याकिंग भएको हुनुपर्नेछ ।
१५. विधुतीय शिलबन्दी दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरू प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।
१६. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरूको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
१७. PPMO को Site मा अपलोड भएको BOQ System को कारण भ्याट समाबेश भएको भएता पनि औषधिको भ्याट नलाग्ने हुनाले दररेट पेश गर्दा भ्याट बाहेक पेश गर्न सुचित गरिन्छ साथै अन्य आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र मोवाइल नं. ९८५७६४२१११ वा ९८४६११४९१५ मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल :**

| ठेक्का नं. | विवरण | लागत अनुमान रकम भ्याट बाहेक | धरौटी रकम |
|---|---|---|---|
| 05/DEV/SQ/GOODS/2079-80 | विभिन्न प्रकारका औषधि खरिद गर्ने कार्य | रु २०४१०००/- | ६००००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**देबचुली नगरपालिका**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सत्ता स्वार्थमा रविलाई उन्मुक्ति !

राहदानी दुरूपयोगजस्तो गम्भीर प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई उन्मुक्ति दिने कार्यले चौतर्फी प्रश्न जन्माएको छ । उनीमाथि राहदानी दुरूपयोगसम्बन्धी मुद्दा नचलाउने महान्यायाधिवक्ताको निर्णय सीधा सत्ता स्वार्थसँग जोडिएको प्रस्ट देखिन्छ । किनभने, दोहोरो नागरिकता प्रकरणमा लामिछाने सर्वोच्च अदालतबाट दोषी ठहर भएपछि रास्वपा सरकारबाट बाहिरिएको थियो, जुन यही पुष्पकमल दाहाल नेतृत्वको सरकार नै थियो ।

सोमबार महान्यायाधिवक्ता दीनमणि पोखरेलले लामिछानेमाथि राहदानी दुरूपयोगसम्बन्धी मुद्दा नचलाउने निर्णय गरेका थिए । जिल्ला सरकारी वकिल कार्यालय हुँदै उच्च सरकारी वकिलको कार्यालयबाट आएको प्रतिवेदन र महान्यायाधिवक्ता कार्यालयको टिप्पणीका आधारमा महान्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गरेको बताइएको छ ।

महान्यायाधिवक्ताको उक्त निर्णयपछि पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेविरुद्ध सरकारी निकायले मुद्दा चलाउने छैन । राहदानी दुरूपयोगसम्बन्धी अनुसन्धानको फाइल महान्यायाधिवक्ता कार्यालयमा आइतबार पुगेको थियो । नेपाल प्रहरीको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा फाइल पेस भएको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले उच्च सरकारी वकिलको कार्यालयमा मुद्दा नचल्ने निर्णय गर्दै फाइल पठाएको थियो ।

उक्त पार्टीका सभापति लामिछानेमाथि नेपाली र अमेरिकी राहदानी रहेको र दुईवटा राहदानी प्रयोग गरेको आरोप लागेको थियो । अमेरिकी राहदानी नबुझाई नेपाली राहदानी प्रयोग गरेको पाइएपछि विवाद भएर अनुसन्धान गरिएको थियो । महान्यायाधिवक्ताको उक्त निर्णयलाई सत्ता समीकरणसँग जोडेर हेरिएको छ । लामिछाने नेतृत्वको रास्वपाले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिएको थियो । प्रधानमन्त्रीलाई विश्वासको मत दिने सर्तमा मुद्दा नचलाउने निर्णय गरिएको टिप्पणी भइरहेको छ, जुन वास्तविकतामै देखिन्छ । लामिछानेलाई सत्ताको पहुँचका आधारमा उन्मुक्ति दिइएको प्रस्ट देखिन्छ ।

यसअघि लामिछाने दोहोरो नागरिकता प्रकरणमासमेत मुछिएका थिए । सर्वोच्च अदालतले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिक नभएको फैसला सुनाएको थियो । उक्त फैसलासँगै लामिछानेको सांसद र मन्त्री पद गुमेको थियो । त्यसलगत्तै उनले जिल्ला प्रशासन कार्यालयबाट प्रक्रिया पूरा गरी नेपाली नागरिकता लिइसकेका छन् ।

लामिछानेमाथि मुद्दा नचलाउने निर्णयले राजनीतिक स्वार्थ र पहुँच भएकालाई कानुन नलाग्ने हो ? भन्ने प्रश्न जन्माएको छ । कानुन सबैका लागि बराबर हुनुपर्ने हो, तर लामिछाने प्रकरणले त्यस्तो देखाएको छैन । यसरी राजनीतिक स्वार्थ र पहुँचका आधारमा उन्मुक्ति दिइनु कुनै पनि हिसाबले उचित होइन । क्षणिक स्वार्थका लागि गरिने यस्ता निर्णय मुलुकका लागि घातक सावित हुनसक्नेतर्फ सरकार सचेत बन्न जरुरी छ ।

## मननयोग्य

### विदुर नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए । त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् । यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए । जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो । (क्रमशः)

# 'राजनीतिक अस्थिरताले संघीयता कार्यान्वयनमा समस्या ल्यायो'



**महेन्द्रबहादुर शाही**
**पूर्वमुख्यमन्त्री, कर्णाली प्रदेश**

*मुलुकले संघीय गणतन्त्रात्मक व्यवस्थाको अभ्यास गर्न थालेको सात वर्ष पूरा भएको छ । संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन प्रकारको सरकारको व्यवस्था गरेको छ । तीन तहका सरकारबीच उचित समन्वय नहुँदा सेवा प्रवाहमा अन्योल देखिएको छ । गाउँगाउँमा सिंहदरबार पुगेको व्याख्या हुँदै आए पनि सिंहदरबारको समस्या प्रदेश र स्थानीय तहमा पनि सरेको छ । संविधानमा व्यवस्था भएअनुसारको ऐन कानुन नबन्दा प्रदेश सरकार प्रभावकारी ढंगले सञ्चालन हुन नसकेको प्रदेश सरकारको गुनासो छ । प्रस्तुत छ, संघीय व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न तीन तहका सरकारले निर्वाह गर्नुपर्ने भूमिका, प्रदेश सरकारले व्यहोरेको समस्यालगायतका विषयमा कर्णाली प्रदेशका* पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाही*सँग रासस समाचारदाता* नारायण न्यौपाने र अशोक घिमिरे*ले गरेको कुराकानीः*

**मुलुक संघीय गणतन्त्रात्मक व्यवस्थामा गएको सात वर्ष बितिसकेको छ । यो अवधिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

संघीय व्यवस्था कार्यान्वयनको सात वर्ष खासै उपलब्धिमूलक बन्न सकेन । समय धेरै खेर गयो । त्यही भएर जनतामा सबै राजनीतिक दलहरूबीच अविश्वास पैदा भएको छ । यो अविश्वासको पुष्टि अहिलेको निर्वाचनबाट देखिन्छ । जनताले मतदान गर्न खासै रुचि राखेनन् । धेरै कम प्रतिशतमात्र मत खस्यो । यसको असर सिंगो राष्ट्र निर्माणमा पर्छ । सात वर्ष भनेको थोरै समय होइन । संघीय व्यवस्था कार्यान्वयनको एउटाको मात्र कामचाहिँ भयो । त्यो भनेको तीन वटा सरकारको चुनाव सम्पन्न भयो । स्थानीय, प्रदेश र संघको सरकार बन्यो । त्यो बाहेक अरु कुनै पनि काम प्रभावकारी ढंगबाट अगाडि बढेन । यसका लागि पहिलो काम भनेको निर्वाचन गराउने हो । त्यसपछि तुरुन्तै संघीय कानुनहरू निर्माण गर्नुपर्थ्यो । संघीय कानुन नबन्दा प्रभावकारी ढंगले काम हुन सकेन । दोस्रो राजनीतिक अस्थिरता भयो । सरकार बनाउने र ढाल्ने कामबाहेक अरु काम खासै हुन सकेन । त्यो भएर जनताले नेपालका राजनीतिक दलहरूप्रति विश्वास गर्न छाडेका छन् । यो कुरालाई हामीले विशेष ध्यान दिनुपर्छ ।

**सात वर्षको अभ्यास भइरहँदा तपाईंले कर्णाली प्रदेशको नेतृत्व गर्नुभयो । तपाईंको कार्यकाललाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

सरकारचाहिँ बन्यो । सरकार बनिसकेपछि प्रदेशसभाले 'बिजनेस' पाउने कुरा हो । प्रदेश संसदले 'विजनेस' पाउने भनेको संघीय संसदले संघीय कानुन निर्माण गरिसकेपछि हो । त्यसपछि बल्ल प्रदेशका कानुन कस्ता बनाउने भन्ने हुन्छ । किनकि प्रदेश कानुन संघीय कानुनसँग बाझिने खालका हुनुहुँदैन । साझा अधिकारका विषय छन् । यसका लागि सबैभन्दा पहिला संघीय कानुन बन्नुपर्छ । त्यसपछि प्रदेश र स्थानीय कानुन बन्नुपर्छ । एकल अधिकारका बाहेक साझा अधिकारका कानुन बन्न नसक्दा कार्यान्वयनमा समस्या देखियो ।

सबैभन्दा पहिला निजामती ऐन बन्नुपर्ने थियो । निजामती ऐन बन्यो भने मात्रै सरकारको प्रशासनिक संरचना कस्तो हुनुपर्ने ?, कति बनाउने ? सरकार सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन कसरी गर्ने ? प्रदेशको प्रमुख सचिव कसले नियुक्त गर्ने ? त्यसपछि प्रदेशका सचिवहरू, अन्य कार्यालयका कर्मचारी कसले नियुक्त गर्ने भन्ने बारेमा पनि कानुनमा व्यवस्था हुनुपर्छ । त्यो कानुन नबनेका कारण कर्मचारी प्रदेश सरकारको मातहतमा जानै चाहेनन् । जस्तो प्रमुख सचिव, सचिवहरू संघको मातहतमा, संघका कर्मचारीले प्रदेश सरकारलाई टेर्ने कुरामा केही समस्या रह्यो । कर्मचारी बढुवा गर्दा अंक दिने प्रणाली रहेन । त्यो अंक प्रदेश सरकारले दिन पाउँदैन । ती कर्मचारी प्रदेशसँग उत्तरदायी हुनुभन्दा पनि संघप्रति बढी उत्तरदायी बने । त्यसले गर्दा कर्मचारी परिचालनमा समस्या पैदा भयो ।

तेस्रो, बजेटको कुरा भयो । सरकारको आन्तरिक आर्थिक स्रोत हुनुपर्छ । अहिले सबै स्रोत संघीय सरकार मातहत छ । हिजोको एकात्मक राज्य व्यवस्थामा जे सिस्टम थियो, अहिले त्यही लागू छ । संघीय सरकारले अनुदान मात्रै दिन्छ । अनुदानको भरमा स्थानीय सरकार र प्रदेश सरकार सञ्चालन गर्नु निकै चुनौतीपूर्ण थियो । सीमित बजेटलाई प्रभावकारी कार्यान्वयन गर्ने कुरामा केही जटिलता थिए । यसले गर्दा जनताले जे अपेक्षा गरेका थिए त्यो पूरा हुन सकेको छैन ।

अर्को प्रहरी ऐनको कुरा रह्यो । संविधानले शान्ति सुरक्षाको जिम्मा प्रदेश सरकारको हुनेछ भनेको छ । जनतालाई शान्ति सुरक्षा चाहियो भने प्रदेश सकारकोमा आइपुग्छ तर अहिलेसम्म प्रहरी ऐन बन्न सकेको छैन । प्रहरी हिजोकै जस्तो गृह मन्त्रालय मातहतमै छ । प्रदेशमा गृह प्रशासन सम्हाल्नेगरी आन्तरिक मामिला मन्त्रालय बनेका छन् तर भूमिकाविहीन अवस्थामा छन् । संविधानमा उल्लिखित मौलिक हकअनुसारको सेवा जनताले पाउन सकेका छैनन् । जनताले छिटो विकास चाहेका छन् । शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायत अपेक्षा तत्काल पूरा होस् भन्ने जनताको चाहना छ । अर्को ठूलो समस्याका रूपमा गरिबी छ । ठूला आयोजना निर्माण गरेर गाउँगाउँमा रोजगारी सिर्जना गर्नुपर्छ । यसो भयो भने विदेशिएका युवा स्वदेश फर्कन्छन् । विदेश जाने तीव्र क्रम घट्नसक्छ । सुशासनलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने अहिलेको आवश्यकता हो । त्यो हुन सकेन ।

**यसको प्रमुख कारण के हुन सक्छ ?**

संघ र प्रदेशमा सरकार बनाउने र ढाल्ने क्रम रह्यो । बहुमत र अल्पमतको परिपाटी देखियो । अघिल्ला पाँच वर्ष प्रदेशहरूमा कसरी सत्ता टिकाउने भन्ने खेलमा बित्यो । म मुख्यमन्त्री हुँदा धेरैपटक अविश्वासका प्रस्तावहरू आए । यो सबै प्रदेशमा देखियो । संघमा पनि सोही समस्या देखियो । आजको दिनमा पनि सोही समस्या देखिएको छ । निर्वाचनबाट अस्थिर हुने नतिजा आएको छ ।

सबै प्रदेश र संघमा कुनै पनि दलको स्पष्ट बहुमत आएको छैन । अहिले जुन प्रकारको जनादेश आयो, त्यसले ढुक्कसँग राष्ट्र निर्माणमा अगाडि जाने वातावरण बनेन । सबै राजनीतिक दल एक ठाउँमा उभिएर राष्ट्र एकताको आधारमा हामी जाउँ । राष्ट्रिय सहमतिको सरकार बनाऔं । सबैको ध्यान राष्ट्र निर्माणमा लगाऔं ।

**प्रदेश सरकारको भूमिकालाई कसरी लिनुहुन्छ ?**

संविधान निर्माणका क्रममा पनि हामीले व्यापक छलफल गरेका हौं । संविधान निर्माणका क्रममा दुईवटा फरक विचार आएका थिए । एउटा संघीय व्यवस्था, गणतन्त्र, समावेशिता आवश्यक छ भन्ने मत राख्ने शक्ति एकातर्फ थियो । अर्कोतर्फ त्यसको विरोधी शक्ति थियो । त्यसकारण संविधान निर्माणमा लामो समय लाग्यो । हिजो जे मुद्दा उठायौं । ती विषयलाई 'क्रस' गरेर जान नसक्ने स्थिति सिर्जना भयो । विभिन्न पार्टीभित्र विद्रोह भयो । यो मुद्दामा जान नसक्ने हो भने पार्टी टिकाउन समस्या भयो ।

राजनीतिक अस्तित्व टिकाउन बाध्य भएर यो व्यवस्था स्वीकार भएको अवस्था हो । उनीहरूको उद्देश्य के थियो भने अब धेरै लामो समय यो व्यवस्था टिक्न दिदैनौं । यो व्यवस्था असफल पार्न सकिन्छ भन्ने आन्तरिक निष्कर्षमा पुगेपछि मात्रै उनीहरू बाध्य भएर यो संविधानलाई स्वीकार गरे । संविधानमा हस्ताक्षर गरे । अब अहिले कार्यान्वयनमा जाँदा त्यो नियत देखिएको छ । जबर जस्ती यो व्यवस्था स्वीकार गर्ने शक्तिले नै लामो समय नेतृत्वमा रहँदा संघीय व्यवस्था कार्यान्वयन त भएन । यो व्यवस्था स्वीकार नगर्नेहरूको संसद्मा बाक्लो उपस्थिति भएको छ । यो व्यवस्थाको रक्षा गर्नु यो संविधानको पक्षधरको चुनौती हो । अहिले हामीले यो व्यवस्थाको रक्षाका लागि यो चुनौतीको सामना गर्नुपर्ने आजको आवश्यकता हो ।

- हिजोको एकात्मक राज्य व्यवस्थामा जे सिस्टम थियो, अहिले त्यही लागू छ ।
- प्रहरी हिजोकै जस्तो गृह मन्त्रालय मातहतमै छ । प्रदेशमा गृह प्रशासन सम्हाल्नेगरी आन्तरिक मामिला मन्त्रालय बनेका छन् तर भूमिकाविहीन अवस्थामा ।
- अघिल्ला पाँच वर्ष प्रदेशहरूमा कसरी सत्ता टिकाउने भन्ने खेलमा बित्यो । म मुख्यमन्त्री हुँदा धेरैपटक अविश्वासका प्रस्तावहरु आए । यो सबै प्रदेशमा देखियो ।
- सातवटा प्रदेश सरकारलाई उनीहरूको क्षमता अभिवृद्धिका लागि सहयोग गर्नुपर्‍यो । सक्षम बनाउनुपर्‍यो ।
- साधन स्रोतको केन्द्रीकरण संघ सरकारले गरेको छ । प्रदेश र स्थानीय सरकारले कुनै पनि साधन स्रोतको प्रयोग गर्न पाएका छैनन् ।
- निजामती ऐन, प्रहरी ऐन, प्राकृतिक स्रोतसाधनको बाँडफाँटसम्बन्धी ऐनहरु जतिसक्दो चाँडो बनाउनुपर्छ । त्यसपछि मात्र तल्ला सरकारहरु चलायमान हुन्छन् ।

**मुलुकको समृद्धिमा प्रदेश सरकारले कस्तो भूमिका निर्वाह गर्न सक्छन् ?**

उत्पादन वृद्धिका लागि स्रोतहरूको खोजी गर्नुपर्छ । स्थानीय स्रोत साधनको प्रयोग गरेर त्यो ठाउँको विकास गर्नुपर्छ । हरेक पालिकाहरूले आफ्नो पालिकाभित्रको साधन स्रोतको खोजी गरेर पालिकाको समृद्धि गर्नुपर्छ । सात वटा प्रदेशभित्रका साधन स्रोतको खोजी गर्नुपर्छ । त्यसको भरपूर प्रयोग गर्नुपर्छ । यसको प्रयोग गरेर आफ्नो प्रदेशभित्र समृद्धि ल्याउनुपर्छ । स्थानीय सरकार र प्रदेश सरकार त्यो काम गर्न सक्दैनन्, राजनीतिक दलहरूले समृद्धि ल्याउनै सक्दैनन् भन्ने सोचको अन्त्य हुनुपर्छ ।

स्थानीय सरकारको क्षमता वृद्धि गर्नुपर्छ । सातवटा प्रदेश सरकारलाई उनीहरूको क्षमता अभिवृद्धिका लागि सहयोग गर्नुपर्‍यो । सक्षम बनाउनुपर्‍यो । संघमा जो जति रहेका छौं, जसले सरकारको नेतृत्व गरेका छौं, हरेकले देशको स्रोतहरूको खोजी गर्नुपर्छ । उत्पादन वृद्धि गर्नुपर्छ । त्यतातर्फ हाम्रो सोच गएको छैन । सत्तामा जाने, सरकार टिकाउने सोच समृद्धिका लागि बाधक छ ।

**अन्त्यमा, प्रदेशलाई समस्या परेका विषयमा खासगरी संघीय सरकारले के-कस्ता सहयोग गर्नुपर्छ ?**

प्राकृतिक साधन स्रोतहरूको बाँडफाँटको विषयलाई मुख्य प्राथमिकतामा राख्नुपर्छ । वित्त आयोग त बन्यो, तर त्यो जागिर खानका लागि मात्रै छ । त्यसले कुनै पनि काम अगाडि बढाउन सकेको छैन । अहिले स्थानीय सरकारका केही क्षेत्राधिकारहरू छन्, त्यो स्थानीय सरकारलाई हस्तान्तरण हुन सकेका छैनन् । प्रदेशका प्रदेशलाई हस्तान्तरण हुन सकेका छैनन् । संघीय सरकारले अहिले कुनै पनि साधन स्रोतको बाँडफाँट गर्नै सकेको छैन । साधनस्रोतको केन्द्रीकरण संघ सरकारले गरेको छ । प्रदेश र स्थानीय सरकारले कुनै पनि साधन स्रोतको प्रयोग गर्न पाएका छैनन् ।

निजामती ऐन, प्रहरी ऐन, प्राकृतिक स्रोतसाधनको बाँडफाँटसम्बन्धी ऐनहरू जतिसक्दो चाँडो बनाउनुपर्छ । त्यसपछि मात्र तल्ला सरकारहरू चलायमान हुन्छन् । त्यसपछि मात्र सरकारहरू बलिया हुन्छन् । नयाँ जिम्मेवारीमा आएका जनप्रतिनिधिहरूलाई काम गर्न सहज हुन्छ । स्थानीय, प्रदेश र संघीय सरकारले कति काम गर्ने ? छुट्याउनुपर्नेछ । राष्ट्रिय गौरवका आयोजना संघले निर्माण गर्नुपर्छ, त्यस्ता आयोजनाको कार्यालय मात्र संघीय सरकार मातहत हुनुपर्छ । संघले जिल्लाजिल्लामा हिजोको जस्तो कार्यालय राख्न थाल्यो भने संघीय व्यवस्थाको मर्मविपरीत हुन्छ । प्रदेशले गर्ने काम भनेको मझौला खाले आयोजना हुन् । प्रदेशको आयोजना पनि तोकिदिनुपर्छ । कम्तीमा १० करोड रूपैयाँभन्दा माथिका आयोजना प्रदेशका हुनुपर्छ । एक अर्ब रूपैयाँभन्दा माथिका आयोजना संघीय सरकारको हुनुपर्छ । १० करोड रूपैयाँभन्दा मुनिका योजना स्थानीय सरकारले सञ्चालन गर्नुपर्छ । काम गर्ने क्षेत्र पनि बाँडफाँट गर्नुपर्छ । त्यसो भएमात्र मुलुकमा छिटो विकास र समृद्धि आउँछ ।

# वन डढेलो रोकथामका लागि अभियान

**मध्यविन्दु–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा वन डढेलो रोकथामका लागि विशेष अभियान सञ्चालन गरिएको छ । जिल्लाका अधिकांश वन डढेलोको उच्च जोखिममा भन्दै संरक्षणका लागि विशेष अभियान सञ्चालन गरिएको हो ।

वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोबाट हुने जन, धन र वनको क्षति न्यूनीकरण गर्नका लागि चैत १ देखि ७ सम्म 'वन डढेलो सचेतना सप्ताह' कार्यक्रम सञ्चालन गरिएको डिभिजनल वन अधिकृत मोहनराज काफ्लेले बताए ।

सोअन्तर्गत फायरलाइन रेखा सफा गर्ने, डेमो गराउने, पातपतिंगर हटाउने तथा जलाउनेलगायत काम गरिएको छ । कार्यालयले समुदाय, वन कर्मचारी तथा सरोकारवाला निकायसँग अन्तरक्रिया गर्दै सप्ताहव्यापीरूपमा कार्यक्रमलाई अगाडि बढाएको डिभिजन वन अधिकृत काफ्लेले बताए । 'चैत १ देखि सुरू भएको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत राजमार्ग सडक तथा भित्री सडक छेउछाउको पातपतिंगर हटाउने, सरसफाइ गर्ने र पूर्वतयारीका कार्यक्रम गरिएको छ,' उनले भने ।

वनमा डढेलो लाग्न नदिन सबै नागरिलाई सचेत हुन डिभिजन वन कार्यालयले आग्रह गरेको छ । डिभिजन वन कार्यालय नवलपुरका प्रमुख मोहनराज काफ्लेले यस जिल्लाको अधिकांश सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेकाले सबैलाई सतर्क र सुरक्षा अपनाउन आग्रह गरे ।

वन डढेलो जोखिम उच्च जिल्लामध्ये नवलपरासी (बर्दघाट सुस्तापूर्व) १६औं स्थानमा रहेकाले डढेलोबाट वन जोगाउन सबै व्यक्ति सचेत हुन आवश्यक रहेको प्रमुख काफ्लेले बताए । जिल्लामा ५८ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ ।

'वनजंगलमा सुक्खा मौसमको समयमा लाग्ने आगलागी तथा डढेलोबाट हुनसक्ने नोक्सानी र डढेलो लाग्नै नदिने उपायबारे सरोकारवालालाई जानकारी गराउने काम गरिएको छ,' उनले भने, 'जिल्लामा वन डढेलोका कारण हुने गरेको क्षति, प्रभाव, वन डढेलोबाट वन जोगाउन खेल्नुपर्ने भूमिका र यसका चुनौतीका विषयमा व्यापकरूपमा सूचित गरिएको छ ।'

नेपालमा मानवीय कारणले गर्दा बढी वन डढेलो हुने गरेको तथ्यांकमा देखिएको छ । मानवीय कारणले ९६ प्रतिशत, प्राकृतिक कारणले एक प्रतिशत र चार प्रतिशत वन डढेलोका कारण थाहा नभएको काफ्लेले बताए । 'घाँस पलाउने, च्याउ आउने भन्ने धारणका कारण वनमा आगो लगाउने, वन्यजन्तुको सिकारका लागिसमेत कतिपयले वनमा जानाजान आगो लगाउने गर्दा ठूलो वन विनास हुने गरेकाले समुदायले यस्ता प्रवृत्तिको रोकथामका लागि काम गर्नुपर्ने देखिन्छ,' उनले भने ।

डढेलोले जनधन, वन र जैविक विविधता तथा पारिस्थितिक प्रणालीमासमेत क्षति गर्ने हुँदा यसको रोकथाममा उपभोक्ता, वन हेरालु र वन उपभोक्ताको उपसमिति, नेपाली सेनासँग सहकार्य गरी अभियान सञ्चालन गरिएको हो ।

यसैबीच आगलागीका कारण निम्तिने विपद्लाई न्यूनीकरण गर्न जिल्लाकै देवचुली नगरपालिकामा फायर हाइड्रेन्ट जडान गरिएको छ । सम्भावित घटनालाई सहज वातावरण सिर्जना गर्न फायर हाइड्रेन्ट जडान गरिएको प्रगतिनगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष खिमानन्द भुसालले बताए ।

'आगलागीजस्ता घटनामा दमकललाई तत्काल पानी भर्न सहज होस् भन्ने हेतुले फायर हाइड्रेन्ट जडान गरेको हो,' अध्यक्ष भुसालले भने, 'यसअघि देवचुली नगरपालिका १४ र ११ नम्बर वडामा जडान गरिएको उक्त उपकरण अब बाँकी वडामासमेत जडान गरिने तयारी गरिएको छ ।' *रासस*


## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७५/०९/२३ मा दर्ता भएको **दर्ता नं. २०६०३२।०७५।०७६ को प्रेम पदमा ट्रेडर्स प्रा.ली.** को मिति २०७९/१०/१४ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः सुनिल रजौरे, इजाजतपत्र नं. ३८९, ठेगाना : अनामनगर, काठमाडौं**
**फोन नं. ९८५१३०१६५५**

## दरभाउपत्र आह्वानको लागि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/०८**

यस सामुदायिक वनको वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना नविकरण कार्य अन्तर्गत सामुदायिक वनको वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयारी कार्य परामर्श सेवा प्रदायकबाट सम्पन्न गराउनु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं (पन्द्रऔं) दिन कार्यालय समय भित्र रीत पूर्वक सो कार्य के-कतिमा कसरी सम्पन्न गर्न सकिन्छ सो को जानकारी सहितको दरभाउ सहितको आशयपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ । विस्तृत जानकारीको लागी सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्नु होला ।

**श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समुह**
**राप्तीसोनारी गा.पा.–२ राजपुर बाँके**

सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**कञ्चनपुर**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः– २०७९/१२/८)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०९/२४ गते राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको बिधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित ठेक्काको निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/१२/१५ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरू |
|---|---|---|---|
| १ | IDOKANCHANPUR/ W/NCB/BR-M / 079-080/ 01 | Construction of Bridge Over Mahakali Canal (on the way to Bhanu chock to Bishnu mandir road ) Bhimdatt Municipality -06 Kanchanpur | 1.Niraj construction and suppliers, Bhimdattnagar-18, kanchanpur<br>2. Bhaneli Nirman sewa ,Bedkot -08 kanchanpur<br>3. Dhurbtara Nirman sewa,Dhangadhi Kaillai |

**कार्यालय प्रमुख**

**वालिङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## योजना कार्यान्वयनको लागि वोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०७९/१२/०८ गते)

नगर कार्यापालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०७९/०८० को लागी स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित योजनाहरु कार्यान्वयनको लागी पूर्वाधार निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरुः

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन, चालु आ.व. २०७९/०८० को लागी नविकरण भएको फर्म वा कम्पनीको प्रमाणपत्र, व्यवसाय इजाजतपत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र (भ्याट), साथै आ.व. २०७८/२०७९ को लागि कर चुक्ता वा म्याद थप भएको अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) नेपाल बैक लिमिटेड, वालिङ शाखामा रहेको ग–१.१ आन्तरीक राजश्व खाता ०८३०३००००१००१००००१ मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिने छ ।

२) बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाणपत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३) बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पूरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

४) बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्याता दिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनुपर्नेछ ।

५. बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड, शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा वाणिज्य बैक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनुपर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नुपर्नेछ । बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनुपर्ने र बोलपत्रदाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुनुपर्नेछ ।

७) कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४, संशोधन समेत हुनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ०६३–४४०१७७ मा सम्पर्क गर्न सकिने छ ।

९) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः | बोलपत्र खोल्ने मितिः |
|---|---|---|
| २०८०।१।८ गते, समय १२:०० बजे भित्र । | २०८०।१।८ गते, समयः १२:०० वजे भित्र । | २०८०।१।८ गते, समय २:०० वजे । |

१०) निर्माण कार्यको विवरण

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | ११/ २०७९/०८० | बभ्कोट शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य, वालिङ-१०, स्याङ्जा । | ५,१०८,७३३।०० | १४०,४९१।०० | ३,०००।०० |
| २. | १२/ २०७९/०८० | रामबाच्छा कसेदी रत्ने बजडाडा सिरुवारे धौखोला पाल्तेगैरा सिमल चौपारी ग्रामीण सडक नाला तथा पीच कार्य, वालिङ १ र २ । | ४,९४०,११८।०० | १३५,८५४।०० | ३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MSP PET INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 271472 | चलानी नं. ६०१८७४३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 31 | 1 | 1500 | ४४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : U. B. FOOD SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 266934 | चलानी नं. ६०१८२८०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : JASSIM & ABDULAAL FACILITIES MANAGEMENT WLL**

पूर्व स्वीकृति मिति २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०७ | LT. No. 274791 | चलानी नं. ६०१९०३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 58 | 13 | 1000 | ३६,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १५ गते (29th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## Veterinary Hospital and Livestock Services Center

**Kanchanpur**
**Sudurpakshim Province, Nepal**

## INVITATION FOR BIDS

***Date Of Publication: 2079/12/08 ( 22-Mar-2023)***

1. Veterinary Hospital and Livestock Services Center, Kanchanpur invites bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | 01/CW/ 2079/080 | Construction Of Truss Building and Chain Fencing Works, Suklaphata-9, Kanchanpur | 90 days | 3,361,874.46 | 95,000.00 | 3000.00 |
| Further Information to bidders; | | | | | | |

| | |
|---|---|
| Last date and time of Bid Submission | 2080/01/08 ( 21-Apr-2023)( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2080/01/08 ( 21-Apr-2023) ; at 2:00 PM, At Veterinary Hospital and Livestock Services Center, Kanchanpur |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Rastriya Banijya Bank , Pradesh Lekha Ikai Karyalaya, Rajashwa Khata no. 3120276017 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Name of the Bank: Rastriya Banijya Bank, Kanchanpur Name of Office: Pradesh Lekha Ikai Karyalaya, Kanchanpur Office Account No.: 4180100202030000 (Dharauti Khata) |

2. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal ***http://bolpatra.gov.np/egp*** and for other additional information please contact Veterinary Hospital and Livestock Services Center, Kanchanpur.

3 . If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

रूपशाला

## गणेशको 'मैसाब' सार्वजनिक

चर्चित मोडल गणेश भट्ट अभिनित मैसाब गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको छ। शिवजी डान्स सेन्टरले तयार पारेको म्युजिक भिडियो मंगलबार सार्वजनिक गरिएको हो। सुमन परियार र सुनिता हमाल ठकुरीको स्वरमा रहेको गीतमा रमेश विजीको शब्द रहेको छ। गीतमा सुमन परियारले नै संगित भरेका छन्। शिवजी क्षत्री निर्देशित गीतको म्युजिक भिडियोमा भट्टलाई पछिल्लो समयकी चर्चीत मोडल अस्तिता रनपालले साथ दिएकी छन्। शिवजी डान्स सेन्टरका निर्देशकसमेत रहेका क्षत्रीले गीतको कथावस्तु नविन रहेको र यसमा आफूहरूले ठूलो मिहिनेत गरेको बताए। यस्तै मोडल भट्टले यो आफ्नो अभिनय जीवनको नविन र विशिष्ट प्रयास भएको बताए।




# चलचित्रले विस्तारै प्रभाव पार्छ : निर्देशक सायमी



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र हेर्न पुगेका दर्शकलाई सजिलै पात्र र त्यहाँको संसारसँग जोड्न सक्नु निर्देशकको खुबी हो। पात्रसँग दर्शक 'कनेक्ट' भएपछि त्यसको प्रभाव बाहिर पनि पर्छ। अभिनेता वा अभिनेत्रीभैँ पहिरन लगाउने, खाने कुरा खाने र समाजमा आफ्नो विचार दिने पनि हुन्छ। निर्देशकसँगै समीक्षकसमेत रहनुभएका निर्देशक सायमी चलचित्रले विस्तारै प्रभाव पार्ने बताए।

'कुनै देशप्रतिको सोच धेरै हदसम्म चलचित्रले नै पार्ने गरेको हुन्छ। उनीहरूको संस्कृति, वेशभूषा र जीवनशैलीसमेत हामीले चलचित्रमार्फत लिइरहेका हुन्छौं। यो नजानिदो किसिमले हामीमा परिरहेको प्रभाव हो', निर्देशक सायमीले भने, 'चलचित्र हेर्दा विचार गर्नुस् त हिरोहरू आफूलाई जोखिममा राखेर भए पनि अरुको रक्षा गर्छन्। त्यो केही चलचित्रमा देशले पनि गरेका छन्। यसले केही न केही प्रभाव त छाडेको छ।' उनले नेपालमै बालबालिकाले विदेशी कार्टुन र शृंखला हेरेर त्यही भाषासमेत सिकिरहेको बताए।

राजनीतिज्ञ डा लीला न्याइच्याईंले नेपालमै समेत भाषा हराउँदै गरेको बताए। 'मेरै घरमा बच्चाले नेवार भाषा बोल्न जान्दैनन् किनकी उनीहरूको प्रयोगमा भाषा निकै कम आउँछ। म आफैँ बोल्छु तर लेख्नु सहज छैन। अब आउने पुस्तासम्म मातृभाषा पुऱ्याउन सहज छैन', उनले भने, 'यो चलचित्रकै प्रभाव हो किनकि नेपालीबाहेक अन्य भाषामा निकै कम चलचित्र बन्ने गरेका छन्।'

प्रा खड्ग केसीले चलचित्रसम्बन्धी अध्ययन गर्न नेपाल सरकारले नै ध्यान दिनुपर्नेमा जोड दिए। 'अन्य देशको आर्थिक अवस्था र पर्यटनमा समेत चलचित्रले टेवा पुऱ्याउने गरेको छ। हामीकहाँ त्यसको समन्वय नभएको हो कि जस्तो छ। अब व्यवस्थितरूपमै अगाडि बढ्नुको विकल्प छैन', उनले भने।

चलचित्रमार्फत निर्माण हुने सोचले कालान्तरमा असर गर्ने निर्देशक सायमीको बुझाइ छ। उनले विद्यार्थीले शिक्षणका लागि रोज्ने देश, घुम्न तय गर्ने स्थानमा समेत चलचित्रको प्रभाव पर्ने गरेको बताए।

# ब्युटिसियन टयालेन्टमा १३ जना छानिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ब्युटिसियन ट्यालेन्ट नेपाल-२०२३' पाँचौं शृंखलाको काठमाडौंमा पहिलो अडिसन सम्पन्न भएको छ। अडिसनबाट अन्तिम प्रतिस्पर्धाका लागि १३ जना छनोट भएका छन्। अडिसनमा राजधानी र मोफसलबाट विभिन्न ब्युटिसियनहरू सहभागी भएका थिए।

छनोट हुनेमा मनिषा श्रेष्ठ, प्रमिला दर्नाला (पुजा), श्वेता मगर श्रेष्ठ, दीपा श्रेष्ठ, आयुषा खड्का, मन्दिरा श्रेष्ठ, रजनी खड्का, सञ्जिना सितिखु, सुनिता प्रजापति मानन्धर, पुनम साउद, संगीता सुवेदी, प्रनिशा डंगोल र उर्मिला मानन्धर रहेका छन्।




अडिसनमा अभिनेत्री पल्पसा डंगोल, अग्रज ब्युटिसियन अनिता खड्का रायमाझी, ट्यालेन्ट लायन्स सुरेन्द गिरी, ब्युटिसियन गायिका तथा सञ्चारकर्मी सरिता भारती र कस्मेटिक विज्ञ परिषी कारंजित निर्णायक रहेका थिए।

नेपालका ब्युटिसियनहरूको व्यक्तित्व विकाश र प्रतिभा उजार गर्ने उदेश्यसहित बिगत ६ वर्षदेखि आयोजना हुँदै प्रतियोगीता रोज ब्युटी एकेडेमी र विलक्षण क्रियसन प्रालिले आयोजना गर्दै आएको हो।

प्रतियोगिताको दोश्रो अडिसन अगामी १० गते आयोजना हुनेछ। २८ चैतमा एक भव्य समारोहका बीच प्रतियोगीताको विजेता छानिनेछ।

विजेताले काठमाडौं बैंकक काठमाडौंको तर्फबाट ५० हजार रूपैयाँ बराबरका हवाई टिकट लगायत बिभिन्न गिफ्ट प्राप्त आयोजक संस्थाकी सोनी काररञ्जितले बताइन्।

# चलचित्र नीति : नयाँ नीति तर पुरानै ऐन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र मनोरञ्जनका लागि हेर्ने गरिन्छ। यद्यपि यसले पार्ने प्रभावप्रति सोच्ने कमै हुन्छन्। नेपाली चलचित्र 'प्रेम गीत' हेरेपछि मनाङ र मुस्ताङ पुग्ने आन्तरिक पर्यटकको सफ्या बढ्यो। यो एउटा उदाहरण मात्र हो। छिमेकी देश भारतको चलचित्र 'दिलवाले दुल्हनियाँ ले जायेंगे' सुपरहिट भएपछि छायांकन गरिएको देश स्वीट्जरल्याण्डमा पर्यटक बढेका थिए।

हलिउड चलचित्रले नै उनीहरूको संस्कार र सोचलाई हामीमाझ पुर्याउन सफल भएका छन्। त्यसैले यसलाई मनोरञ्जनका रूपमा मात्र हेरिनु हुँदैन भन्ने बहस हुनेगरेको छ। नेपाली चलचित्रले पार्न सक्ने प्रभाव कम भइरहेको छ। केही नेपाली चलचित्रलाई छाड्ने हो भने यहाँ व्यापारिक हिसाबले विदेशी चलचित्रकै हालीमुहाली छ।

यस्तो हुनुमा चलचित्र नीति कमजोर रहेको चर्चा हुने गर्छ। यसै सम्बन्धी काठमाडौंमा जारी नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को चौथो दिन आइतबार 'चलचित्र नीतिः नीति मात्र कि व्यवहार ?' विषयमा अन्तरक्रिया भएको छ। नीति तथा ऐनको विषयमा चलचित्र विकास बोर्डका सदस्य सचिव टंक महत, नेपाल टेलिभिजनका महाप्रबन्धक तथा चलचित्र निर्देशक फुलमान वल र पत्रकार बबिता बस्नेतले आ-आफ्नो धारणा राखे।

बोर्डका सदस्य सचिव महतले चलचित्र नीति पास भएता पनि ऐन बन्न नसक्दा कठिनाइ देखिएको बताए। 'पुरानै ऐन (२०२६ सालको) मा काम गरिरहेका छौं। नयाँ ऐन आएपछि मात्रै हामीले सोचेजस्तो हुन्छ', उनले भने, 'पुरानै ऐनका आधारमा बनेको कार्यविधिमा काम गरिरहेका छौं। यद्यपि हामीले चौतर्फीरूपमा सक्रियता जनाएका छौं। खासगरी मौलिक चलचित्र निर्माण, कलाकारको विकास आदिमा केन्द्रीत छौं।'

पत्रकार बस्नेतले चलचित्र नीति राम्रो भए पनि कार्यान्वयन पक्ष भने फितलो देखिएका कारण समस्या रहेको बताए। उनले भने, 'चलचित्रलाई पाठ्यक्रममा नराखिएकाले विद्यार्थी अनभिज्ञ छन्। बच्चादेखि नै हामी धेरै साहित्यकारलाई चिन्थ्यौं र चिन्छौं। यसको कारण पाठ्यक्रममा राखिएर हो। त्यसैले यसबारे ज्ञान दिनु जरुरी छ।'

निर्देशक वलले चलचित्र निर्माण सुरु भएको ५० वर्ष बितिसक्दासमेत विसं २०२६ सालमा बनेको ऐनलाई आधार मानेर काम गर्दा सोचे जस्तो विकास नभएको बताए। 'हामी पञ्चायतकालीन नीतिमा चलचित्र क्षेत्र चलाइरहेका छौं। सोच्नुस् त अन्य क्षेत्र त्यसरी चलेको भए अगाडि बढ्न सक्थ्यो ? यसमा सम्बन्धित पक्ष जिम्मेवार भएर कार्यन्वयन पक्षलाई बलियो बनाउन जरुरी छ', निर्देशक वलले भने, 'चलचित्र सफ्ट पावरको रूपमा भन्दा पनि हिरो, हिरोइन नाच्ने, हँसाउने र मनोरञ्जन गर्ने गराउनेमा सीमित भएको छ। यसले पार्ने प्रभावको विषयमा बुझ्नु जरुरी छ। हामीमा विदेशी चलचित्रले ल्याएको परिवर्तनलाई एक पटक विचार गरौं त ?'

निर्देशक तथा निर्माताले बेलाबखतमा नीतिसम्बन्धी छलफल नचलाएका होइनन्। तर, २०७१ सालमै बनेको चलचित्र नीति सम्बन्धी ऐन बन्न नसक्दा यस क्षेत्रको समस्या झनै बढ्दो छ।

## रंगशाला

प्रधानमन्त्री थ्री नेसन्स कप

# आज नेपाल र लाओस भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री थ्री नेसन्स कप फुटबल प्रतियोगिता (आज) बुधबारबाट काठमाडौंमा सुरु हुँदै छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने प्रतियोगितामा नेपाल, भुटान र लाओसले प्रतिस्पर्धा गर्ने छन्।

प्रतियोगिताको उद्घाटन खेलमा नेपालले बुधबार लाओसको सामना गर्दैछ। नेपाल र लाओसबीचको खेल साँझ ६ बजे सुरु हुनेछ।

घरेलु मैदानमा नेपाल लाओसविरुद्ध उत्कृष्ट नतिजा निकाल्ने योजनासहित मैदान उत्रनेछ। नेपाली टोलीका कप्तान किरण चेम्जोङले छोटो तयारी भएपनि लाओसविरुद्ध खेल्न नेपाली टोली तयार रहेको बताएका छन्। 'छोटो समय भएपनि तयारी राम्रो छ। भोलिको खेलका लागि तयार छौं। राष्ट्रका लागि राम्रो नतिजाका लागि फाइट गर्छौं,' मंगलबार आयोजित प्रि-म्याच कन्फरेन्समा कप्तान किरणले भने।

प्रतियोगिताका लागि नवनियुक्त मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनीसले अन्नल्बर किरणको कप्तानीमा २३ सदस्सीय टिम घोषणा गरिसकेका छन्। एनीसले घोषणा गरेको टोलीमा ७ जना नयाँ खेलाडी छन्।

त्यसअघि राष्ट्रिय फुटबल टोलीका नवनियुक्त मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले प्रधानमन्त्री थ्री नेसन्स कप फुटबल प्रतियोगितामा सहभागिता जनाउने नेपाली राष्ट्रिय फुटबल टोलीको घोषणा गरेका छन्।

मुख्य प्रशिक्षक एनेसले बुधबार (आज) देखि सुरु हुने उक्त प्रतियोगिताका लागि २३ सदस्यीय नेपाली खेलाडीको नाम सार्वजनिक गरेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ। उनले राजधानीमा जारी सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताको आधारमा खेलाडी छनोट गरेका हुन्। प्रमुख प्रशिक्षक एनेसले उक्त प्रतियोगिता खेल्न नेपाली टोली तयारी अवस्थामा रहेको बताए। उनको प्रशिक्षणमा नेपालले पहिलो पटक खेल्न लागेको हो। प्रशिक्षक एनेसले छोटो समयमा नै नेपाली टिम तयार गरेको भन्दै चुनौतीका साथ आफनो टोली खेल्न तयार रहेको बताए।

त्यस्तै नेपाली फुटबल टोलीका कप्तान किरण चेम्जोङले उक्त प्रतियोगिताका लागि छोटो तयारी भए पनि लाओसविरुद्ध खेल्न आफनो टोली तयार रहेको बताए। उनले राष्ट्रका लागि राम्रो नतिजा ल्याउने उद्देश्यका साथ मैदानमा उत्रनेसमेत बताए।

छनोट हुने नेपाली टोलीको गोलकिपरमा कप्तान चेम्जोङसहित दीप कार्की र अभिषेक बराल छन् भने डिफेन्डरमा सनिश श्रेष्ठ, विकास खवास, अनन्त तामाङ, पदम भट्टराई, आदित्य चौधरी र निशान खड्का छन्।

त्यस्तै मिडफिल्डरमा पुजन उपरकोटी, एरिक विष्ट, नवीन लामा, रोहित चन्द, कमल थापा, मणिकुमार लामा र भरत खवास छन् भने फरवार्डमा आयुष घलान, नवयुग श्रेष्ठ, दीपकसिंह ठकुरी, अन्जन विष्ट, आशिष चौधरी, सुमित श्रेष्ठ र मनिष डाँगी रहेका छन्।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा उक्त प्रतियोगिता यही चैत ८ देखि १७ गतेसम्म हुँदैछ। प्रतियोगितामा नेपाल, भूटान र लाओसले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको विजेताले पाँच हजार अमेरिकी डलर प्राप्त गर्दा दोस्रो हुने टोलीले तीन हजार अमेरिकी डलर पाउने छ। प्रतियोगिताको उत्कृष्ट खेलाडीले पाँच सय अमेरिकी डलर र खेलको म्यान अफ दि म्याचले दुई सय ५० डलर पाउने छन्। उक्त प्रतियोगिताको उद्घाटन खेलमा नेपालले लाओससँग प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको खेल हेर्न चाहने दर्शकका लागि सामान्य प्यारापिटतर्फ रु पाँच सय र भीभीआइपीतर्फ रु एक हजार तोकिएको एन्फाले जनाएको छ। टिकट खल्ती एपबाट किन्न सकिनेछ।

## कविताको कप्तानीमा मधेस टिम घोषणा

